नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय

तौलिहवा, कपिलवस्तु

पत्र संख्या :- ०८३/८४ (प्रशासन)

च.नं. १४६८

मितिः २०८३/०७/२०

ने.सं.११४६

विषय : शुभ दीपावली तथा छठ पर्व मर्यादित, शान्तिपूर्ण एवं सौहार्दपूर्ण वातावरणमा मनाउने सम्बन्धमा।

नेपालीहरूको महान् चाड शुभ दीपावली तथा छठ पर्वको पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा जिल्ला प्रशासन कार्यालय, कपिलवस्तु हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछ। चाडपर्व मनाउने क्रममा धार्मिक, सांस्कृतिक एवं सामाजिक परम्पराको सम्मान गर्दै जिल्लामा शान्ति सुरक्षा, सार्वजनिक सुव्यवस्था, सामाजिक सद्भाव तथा अमनचयन कायम राख्नु हामी सबैको साझा दायित्व हो। यसै सन्दर्भमा शुभ दीपावली तथा छठ पर्वको समयमा हुन सक्ने सम्भावित अवाञ्छित गतिविधि नियन्त्रण गरी चाडपर्वलाई सभ्य, सुरक्षित, मर्यादित एवं व्यवस्थित रूपमा सम्पन्न गर्न कपिलवस्तु जिल्लाभर देहायका विषयहरू पूर्ण रूपमा पालना गर्नुहुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ।

१. **मूर्ति विसर्जन सम्बन्धमा :** चाडपर्वका अवसरमा स्थापना गरिएका देवीदेवताका मूर्ति तथा प्रतिमाहरूको विसर्जन गर्दा सुरक्षा निकायको समन्वयमा निर्धारित गरिएको रुट तथा समयतालिका बमोजिम मूर्ति विसर्जनको कार्य सूर्यास्त हुनुअगावै अनिवार्य रूपमा सम्पन्न गरिसक्नु पर्नेछ।

२. **डिजे तथा ध्वनि प्रदूषण नियन्त्रण सम्बन्धमा :** चाडपर्वका अवसरमा मुर्ती विसर्जनको नाममा डिजे साउण्ड, अत्यधिक ध्वनि उत्पन्न गर्ने साउण्ड सिस्टम तथा अन्य ध्वनि प्रदूषणजन्य उपकरणहरूको प्रयोग पूर्ण रूपमा निषेध गरिएको छ।

३. **सामाजिक सद्भाव तथा सामाजिक सञ्जालको प्रयोग सम्बन्धमा :** कुनै पनि जातजाति, धर्म, सम्प्रदाय, समुदाय वा व्यक्तिको धार्मिक, सांस्कृतिक एवं सामाजिक भावनामा आघात पुग्ने, आपसी द्वेष तथा वैमनस्यता फैलाउने, सामाजिक सद्भाव बिगार्ने, घृणा वा उत्तेजना फैलाउने तथा सार्वजनिक शान्ति सुरक्षामा खलल पुऱ्याउने प्रकृतिका अभिव्यक्ति, लेख, रचना, तस्बिर, भिडियो, पोस्ट, स्टाटस वा अन्य सामग्री सामाजिक सञ्जाललगायत कुनै पनि सञ्चार माध्यमबाट प्रकाशन, प्रसारण, शेयर वा पुनःप्रसारण गर्न पाइने छैन।

४. **मदिराजन्य पदार्थको कारोबार तथा सेवन सम्बन्धमा :** चाडपर्वको अवधिमा (मिति २०८३/०७/२५ गतेका दिन)मदिराजन्य पदार्थको सेवन तथा बिक्री वितरण नगर्नु/नगराउनुहुन अनुरोध गरिन्छ। मदिरा सेवन गरी सार्वजनिक स्थलमा होहल्ला गर्ने, झैझगडा गर्ने, अशान्ति सिर्जना गर्ने तथा शान्ति सुरक्षामा प्रतिकूल असर पर्ने कुनै पनि गतिविधि गर्न पाइने छैन।

५. **जुवातास तथा सट्टेबाजी,पटका नियन्त्रण सम्बन्धमा :** चाडपर्वको अवसरमा जुवातास, सट्टेबाजी, बाजी तथा प्रचलित कानूनले निषेध गरेका अन्य कुनै पनि प्रकारका जुवाजन्य खेल तथा गतिविधिहरू सञ्चालन गर्न, खेल्न, खेलाउन वा त्यस्ता कार्यमा संलग्न हुन पूर्ण रूपमा निषेध गरिएको छ। चाडपर्व मनाउने क्रममा कुनै पनि प्रकारका पटका, आतसबाजी, बम, झिरझिरे तथा अन्य विस्फोटक एवं आगो लाग्ने जोखिम भएका पदार्थहरूको प्रयोग, पड्काउने, भण्डारण तथा ओसारपसार गर्न पाइने छैन।

६. **देउसी–भैलो तथा सांस्कृतिक कार्यक्रम सञ्चालन सम्बन्धमा :** परम्परागत देउसी–भैलो, भजनकीर्तन, नाचगान तथा अन्य सांस्कृतिक कार्यक्रमहरू मर्यादित, अनुशासित एवं शान्तिपूर्ण रूपमा सञ्चालन गर्नुपर्नेछ। यस्ता कार्यक्रमहरू राति ९:०० बजेभित्र अनिवार्य रूपमा सम्पन्न गरिसक्नुपर्नेछ।

माथि उल्लिखित व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयनका लागि सम्पूर्ण सम्पूर्ण जिल्लावासीमा आवश्यक सहयोग, समन्वय र सहकार्यका लागि हार्दिक अनुरोध गरिन्छ। उल्लिखित निर्देशन तथा प्रचलित कानूनको उल्लङ्घन गरी कुनै पनि गतिविधि गरेको वा गराएको पाइएमा प्रचलित कानूनबमोजिम कारबाही हुने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराइन्छ।

२०८३/६/२०

तोय नारायण सुवेदी
प्रमुख जिल्ला अधिकारी

तोय नारायण सुवेदी
प्रमुख जिल्ला अधिकारी